नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आश्विन/कार्तिक २०७२ (October 2015) वर्ष १९/अङ्क २२३

## धर्मशास्त्रमा वर्णन गरिएको धार्मिकता

- डीकन सिमोन पाठक

नेपाल देशले जनताले चुनेको प्रतिनिधिहरूद्वारा बनाएको नयाँ संविधान भरखरै प्राप्त गरेको छ। नेपालीहरूमा अब त देशमा विकास र उन्नतिका ढोकाहरू खुल्नेछन् भन्ने आशाका किरणहरू पलाएका छन् तर राष्ट्रको उन्नति हुन संविधान मात्र राम्रो बनेर पुग्दैन, धार्मिकताको पनि आवश्यकता पर्दछ। "धार्मिकताले देशलाई उचाल्छ" (हितोपदेश १४:३४)। धार्मिकता के हो ? नयाँ करार र पुरानो करारमा धार्मिकतालाई कसरी व्याख्या गरिएको छ ? परमेश्वरको धार्मिकता र मानविय धार्मिकता के हो ? हामीमा धार्मिकताको शुरूवात कसरी हुन्छ ? आदि कुराहरूलाई जानेर त्यसअनुसार जीवन बितायौं भने मात्र व्यक्ति तथा राष्ट्रको उन्नति हुन्छ।

पुरानो करारमा धार्मिकता र न्याय शब्दलाई धर्मी अथवा न्यायी भनी बढी मात्रामा प्रयोग गरिएको पाइन्छ। यसको अर्थ सीधै, ठाडै, सत्य, ठीक भन्ने हुन्छ। धार्मिकता र न्याय शब्दलाई नयाँ करारमा इन्साफ गर्नु, न्याय गर्नु, प्रमाणित गर्नु अथवा सफाई दिनु भन्ने अर्थमा प्रयोग गरिएको छ। शब्दको अर्थलाई केलाउँदा यो कुरा प्रष्ट हुन्छ कि परमेश्वरको धार्मिकता र न्यायमा 'हो' चाहिँ 'हो' र 'होइन' चाहिँ 'होइन' हुन्छ। यो संसारमा पैसा दिएर कालोलाई सेतो र सेतोलाई कालो बनाउन सकिन्छ। दोषीलाई निर्दोष र निर्दोषलाई दोषी ठहराउन सकिन्छ तर परमेश्वरको न्यायको दिनमा यो गर्न असम्भव छ। "धार्मिकता र न्याय परमेश्वरको सिंहासनका जग हुन्" परमेश्वरले गर्नुहुने न्याय सत्यतामा र विना भेदभाव हुन्छ (भजनसंग्रह ८९:१४; ९७:२)।

**पुरानो करारमा धार्मिकतालाई कसरी व्याख्या गरिएको छ ?** परमेश्वरको धार्मिकतालाई विशेष गरी दुई किसिमले प्रकाश पारिएको छ:

१. **परमेश्वरले दुष्ट र अनाज्ञाकारीहरूलाई दण्ड दिनुहुन्छ।** परमेश्वर धर्मी हुनुभएको हुनाले दुष्ट र अनाज्ञाकारी जीवन जिउनेहरूले पुरानो करारको समयमा दण्ड पाउने गर्दथिए। (भजनसंग्रह ७:९-१७, नहेम्याह ९:३३, दानिएल ९:१४)।

२. **परमेश्वरले आफ्ना मानिसहरूलाई तिनीहरूको शत्रुहरू र थिचोमिचोबाट छुट्कारा दिनुहुन्छ।** पुरानो करारको समयमा परमेश्वरको धार्मिकताले दुष्टहरूलाई दण्ड दिने कुरालाई भन्दा पनि अझ बढी जोड दिएको कुराचाहिँ आफ्ना मानिसहरूलाई शत्रुहरूको हातबाट र थिचोमिचोबाट छुट्कारा दिनुहुन्छ भन्ने कुरासँग सम्बन्धित छ। यसरी पुरानो करारको समयमा परमेश्वरको धार्मिकताले दुष्टहरूलाई दण्ड र धर्मीहरूलाई छुटकारा, सुरक्षा, कृपा, प्रेम प्रकट गरिएको कुरालाई दर्शाउँथ्यो।

**नयाँ करारमा परमेश्वरको धार्मिकतालाई कसरी प्रकाश पारिएको छ ?**
नयाँ करारको समयमा अर्थात येशू खीष्ट मानव बनेर यस धर्तीमा आउनुभए पछिको समयमा परमेश्वरको धार्मिकताले विशेष गरी तीनवटा कुराहरूलाई बुझाउँछ:

१. **परमेश्वरको राज्यलाई बुझाउँछ:** "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्" (मत्ती ६:३३)। "किनभने परमेश्वरको राज्य भनेको खानु र पिउनु होइन, तर पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्द हो" (रोमी १४:१७)।

२. **परमेश्वरको सित्तैको वरदान येशू खीष्टलाई बुझाउँछ:** "परमेश्वरका अनुग्रहको वरदानले खीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैमा धर्मी ठहरिएका छन्" (रोमी ३:२४)। "येशू खीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन" (रोमी ३:२२)।

३. **येशू खीष्टमा गरिएको विश्वासले मानिस धर्मी ठहरिन्छ, विश्वासद्वारा धर्मी ठहरिएकाहरूले धार्मिकताको खोजी गर्नु पर्दछ, परमेश्वरको अनुग्रहद्वारा धार्मिकतामा बढ्दै जानुपर्छ भन्ने कुरालाई बुझाउँदछ** (रोमी ६:१२-१८, एफिसी ४:२४, ५:९, फिलिप्पी १:११)

पुरानो र नयाँ करार दुवैमा परमेश्वरको धार्मिकताले पापको पश्चात्ताप नगर्नेहरूमाथि क्रोध र दण्ड पर्नेछ भन्ने कुरालाई प्रष्ट पारेको छ। पापको पश्चात्ताप गर्ने र परमेश्वरका पुत्र येशूमाथि विश्वास गर्नेहरू धर्मी ठहरिएका हुन्छन् र खीष्टमा गरिएका सबै प्रतिज्ञाहरू तिनीहरूको जीवनमा पूरा हुनेछन् भनी बताउँछ।

**परमेश्वरको धार्मिकता के हो** ? धार्मिकता परमेश्वरको एउटा विशेष् गुण हो। परमेश्वरको धार्मिकताले अनन्तताको निम्ति सिद्ध मापन वा स्थानलाई जनाउँछ। परमेश्वरको धार्मिकता पवित्रताद्वारा झल्किराखेको हुन्छ। परमेश्वर धर्मी हुनुहुन्छ। जब उहाँ न्याय आसनमा बस्नुहुन्छ उहाँले संसारको न्याय निष्पक्षसँग गर्नुहुन्छ। संसारमा भएको सबैभन्दा धनी मानिसले पनि आफ्नो धन र शक्ति प्रयोग गरेर परमेश्वरको न्यायलाई बदल्न सक्दैन (भजनसंग्रह ७:११)।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| आश्विन २३ October 10 | पाष्टर रोबर्ट कार्थक श्री कृष्टिन तान पाष्टर प्रेम श्रेष्ठ | डीकन सुरेश पुरकोटी | पाष्टर अशोक मुखिया | पा. डा. राजेन्द्र कु. रोंगोंग पा. बी. बी. खवास | पाष्टर दफ्तन सादा | डीकन नवराज के.सी. | एल्डर ग्रेस खालिङ |
| आश्विन ३० October 17 | पाष्टर अशोक मुखिया | श्री सरुष मान तामाङ्ग | एल्डर जेम्स राई | श्री दानिएल घले | एल्डर रूबेन श्रेष्ठ | डीकन सिमोन पाठक | एल्डर शरण राई |
| कार्तिक ७ October 24 | पाष्टर सामुएल कार्थक | एल्डर पूर्ण सुनुवार | डीकनेस् सावित्री हाँयजु | पाष्टर रोबर्ट कार्थक | एल्डर श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| कार्तिक १४ October 31 | डीकन अर्जुन ढकाल | डीकन राजु तामाङ्ग | डीकन दान बहादुर अधिकारी | एल्डर सीता गुरूङ्ग | श्रीमती गंगा श्रेष्ठ | डीकन घनश्याम दाहाल | श्री पुरुषोत्तम न्यौपाने |
| कार्तिक २१ November 7 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पा. बी. बी. खवास पा. डा. राजेन्द्र कु. रोंगोंग | डीकन सिमोन भण्डारी | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

**परमेश्वरको धार्मिकतालाई निम्न कुराहरूद्वारा अझ प्रष्ट पार्न सकिन्छ** अर्थात् परमेश्वरको धार्मिकता र न्यायले दिने खास सन्देशचाहिँ हो: **परमेश्वर धर्मी हुनुभएको हुनाले** दुष्टहरूलाई दण्ड दिनुहुन्छ (प्रकाश १६:५-७), आफ्नो मानिसहरूलाई दुष्टचाईं गर्नदेखि जोगाउनुहुन्छ (भजनसंग्रह १२९:१-८), पापीहरूलाई क्षमा दिनुहुन्छ (१ यूहन्ना १:९), आफ्ना मानिसहरूलाई दिनुभएका प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ (नहेम्याह ९ अध्याय), विश्वासयोग्य हुनेहरूलाई इनाम दिनुहुन्छ (हिब्रू ६:१०) ।

**मानविय धार्मिकता के हो** ? सैद्धान्तिक रूपमा मानव धार्मिकतालाई विश्लेषण गर्दा चारवटा कुराहरू पाउन सक्छौं:

१. **वास्तविक धार्मिकता (उत्पत्ति १:३१, उपदेशक ७:२९) ।** परमेश्वरले मानिसलाई पापरहित, निर्दोष, सोझो बनाउनुभएको थियो ।

२. **खीष्टको धार्मिकता (हिब्रू ४:१५, १ पत्रुस २:२२) ।** शुरूका मानव आदम पापमा फस्यो । येशू पापरहित मानव बन्नु-भयो ।

३. **धर्मी बनाइएको धार्मिकता (रोमी ५:१) ।** यसलाई धर्मीकरण पनि भनिन्छ । परमेश्वरले मानिसलाई धर्मी भनी घोषणा गर्नुभएको धार्मिकता । यो मुक्तिको मार्गमा हिंड्ने पहिलो कदम पनि हो ।

४. **नविकरण गरिएको धार्मिकता ।** यसलाई पवित्रकरण पनि भनिन्छ । परमेश्वरले एकपटक धर्मी ठहराइसक्नु भएकाहरू खीष्टको स्वरूपमा वा परमेश्वरको प्रतिरूपमा दिनदिनै बनिँदै जाने धार्मिकता हो ।

**हामीमा धार्मिकताको शुरूवात कसरी हुन्छ ?**

धार्मिकताको शुरूवात नयाँ हृदयबाट हुन्छ। "म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु । तिमीहरूबाट ढुंगाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। अनि म मेरा आत्मा तिमीहरूमा हालिदिनेछु, र तिमीहरूलाई मेरा विधिहरू पालन गर्ने र मेरा नियमहरू होशियारसाथ मान्ने तुल्याउनेछु" (इजकिएल ३६:२६-२७)। किन परमेश्वरले नयाँ हृदय दिनेछु भन्नुभयो ? किनकि मानिसको हृदयमा अशुद्धताले बास गरेको छ । अशुद्धताले भरिएको हृदय सधैं छली हुन्छ । अरूलाई छल्ने, झुट बोल्ने, बेइमान गर्ने, असत्यतालाई रूचाउने, भ्रष्टाचार गर्ने, दुष्ट विचारहरूले भरिएको हुन्छ । अशुद्धताले भरिएको हृदय ढुंगा जस्तो कडा हुन्छ । कठोर हुन्छ । त्यस्तो हृदय भएको मानिसले जहिले पनि अरूलाई चोट पुर्‍याइराखेको हुन्छ। ढुंगाको जस्तो कठोर हृदय भएका मानिसहरूले आफ्नो सम्पर्कमा भएका मानिसहरूलाई चोट पुर्‍याउने काम गरिराखेका हुन्छन् ।

हाम्रो हृदयमा परमेश्वरको धार्मिकताले बास हुनको निम्ति हामी नयाँ सृष्टि हुनु आवश्यक छ । "यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ" (२ कोरिन्थी ५:१७) । कुनै पनि रूखमा नयाँ पातहरू पलाउनको निम्ति पुराना पातहरू झर्नुपर्दछ । पुराना पातहरू बोटबाट झरेनन् भने त्यो रूखमा नयाँ पाउलाहरू आउन सक्दैनन् । हाम्रो जीवनमा नयाँ पाउलाहरू आउनको निम्ति, अर्थात नयाँ सृष्टि हुनको निम्ति परमेश्वरको धार्मिकतालाई ग्रहण गर्नुपर्दछ । त्यो धार्मिकता परमेश्वरले येशू खीष्टद्वारा दिनुभएको छ । हामीले जब उहाँलाई साँचो हृदयले ग्रहण गर्छौं तब परमेश्वरको धार्मिकताले हामीमा बास गर्दछ । हामी नयाँ सृष्टि हुन्छौं अनि नयाँ हृदय पनि पाउँछौं । परमेश्वरको आत्मा हाम्रो आत्मामा बास गर्नुहुन्छ । हाम्रो हृदय ईश्वरीय शान्तिले भरिन्छ किनकि परमेश्वरको धार्मिकता र शान्तिले एकले अर्कालाई मन पराउछन् (भजनसंग्रह ८५:१०) । जब नेपालका मानिसहरूले परमेश्वरमा पाइने धार्मिकतालाई ग्रहण गर्छन् तब देशमा शान्ति, उन्नति र प्रगति हुन्छ । हाम्रो हृदय कस्तो छ ? परमेश्वरको धार्मिकताको गुणले भरिएको मानिस धार्मिकताको सिद्धान्तअनुसार जीवन जिउँदछ । के हामी परमेश्वरको धार्मिकताको सिद्धान्तअनुसार जीवन जिउँदैछौं ?

## अक्टोबर महिनाको कार्यक्रम

आश्विन २६ गते/अक्टोबर १३ तारिख मंगलबार **नेइम स्तुति प्रशंसा र प्रार्थना** नेइम ज्ञानेश्वर मण्डलीमा ।

आश्विन ३० गते/ अक्टोबर १७ तारिख शनिबार **नेइम संयुक्त जवान संगति** दिउँसो २:००-४:०० बजेसम्म नेइम ज्ञानेश्वर मण्डलीमा ।

कार्तिक १ गते/अक्टोबर १८ तारिख मंगलबार **महिला उपवास प्रार्थना** आ- आफ्नै मण्डलीमा ।

कार्तिक ६-७ गते/अक्टोबर २३-२४ तारिख शुक्रबार-शनिबार **शरद सम्मेलन** आ- आफ्नै मण्डलीमा ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा |
| आश्विन २३<br>October 10 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>राजु तामाङ्ग |
| आश्विन ३०<br>October 17 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | पाष्टर<br>बर्णबास श्रेष्ठ | डीकन<br>घन श्याम दाहाल | डीकन<br>बेन्जामिन तामाङ्ग |
| कार्तिक ७<br>October 24 | एल्डर<br>गोपी राई | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>छोदेन कार्थक | श्री<br>जोरवीर राई | श्री<br>पञ्च बहादुर तामाङ्ग |
| कार्तिक १४<br>October 31 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>बी.एन. पण्डित | एल्डर<br>राजु श्रेष्ठ | श्री<br>गोपाल राना मगर |
| कार्तिक २१<br>November 7 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>कर्ण तामाङ्ग | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## हार्दिक बधाई



भाद्र २० गते/सेप्टेम्बर ६ तारिख आइतबार नेइम घोर्थली चर्चको सदस्यहरू श्री **जीबा शेर्पा** र सुश्री **मन कुमारी तामाङ्ग**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्-श्रीमती **जीबा/मन कुमारी शेर्पा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



स्वयम्भू बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री राजाराम (फिलीप) राई ५० वर्षको उमेरमा भाद्र १२ गते/अगष्ट २९ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



सतुंगाल बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री बम बहादुर आले मगर ६५ वर्षको उमेरमा भाद्र २२ गते/सेप्टेम्बर ८ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

**स्कूल अफ मिनिष्ट्रीजको सूचना**

**२०७२ साल कार्तिक ९-१२ गते/नोभेम्बर २६-२९ तारिख, सोमबारदेखि बिहीबारसम्म बिहान ९:००-५:०० बजेसम्म नेइम ज्ञानेश्वर चर्चमा स्कूल अफ मिनिष्ट्रि तालिम हुने जानकारी गराउँछौं ।**

**नेइम मिशन सम्मेलन सम्बन्धी सूचना:**

**२०७२ साल कार्तिक १६ गते/सोमबार बिहान ८ बजेदेखि कार्तिक १८ गते अपरान्ह ५ बजे सम्म अर्थात् नोभेम्बर २ देखि ४ तारिखसम्म नेइम ज्ञानेश्वर चर्चमा मिशन सम्मेलन हुने जानकारी गराउँउछौं । उक्त सम्मलेनका वक्ता इम्मानुयल चर्च अमेरिकाका पास्टर श्री चार्ल्स स्मिथ हुनुहुनेछ र सम्मलेनको शिर्षक "आखिरी दिनहरुमा अन्धकारमाथि एउटा ज्योति"** "A LIGHT IN THE DARKNESS IN THESE LAST DAYS" **सम्मलेनको दर्ता शुल्कः रू ३०० लाग्नेछ ।**

## विशेष् प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति प्रार्थना गर्नेहरू हुन सकून् ।

२. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रहरूमा उन्नति, प्रगति, सुधार आएको होस् भनी प्रार्थना गरिदिऔं ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा बोझसाथ लागिपर्न सकून् ।

४. असोज/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा सम्मेलनहरूको लागि प्रार्थना गरिदिऔं ।

५. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

७. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जानको साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

**मिशनेरीहरूको लागि प्रार्थना**

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरि-दिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १७ 4<br>नेपाल देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>यूहन्ना १५:१६, २ कोरिन्थी ३:४-६ | २४ 11<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमाल, पहाडदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २०:१-७ | १ कार्तिक 18<br>देशका सबै सबै जातिहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | ८ 25<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:१९-२४ | १५ November 1<br>ख्रीष्ट प्रभुबाटको मुक्ति र सित्तैको उद्धारको सुसमाचार सुन्नुभएकाहरू साथै सुनी ग्रहण गर्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना ६:३५-४० |
| **सोमबार**<br>Monday | १८ 5<br>देशको वर्तमान परिस्थितिको निम्ति प्रार्थना गरिदिऔं ।<br>भ.सं. ३७१-११, १ तिमोथी २:१-५ | २५ 12<br>मण्डलीका सबै विश्वासीहरू हर समय साथै सबै परिस्थिति-हरू परमप्रभु परमेश्वरलाई आदर गर्नेहरू भई र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१४-२५ | २ 19<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ९ 26<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>यशैया ५७:१४-१९ | १६ 2<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरको प्रेममा रही प्रमको जीवन जिउनेहरू हुन सकून् ।<br>रोमी १२:९-१६ |
| **मंगलबार**<br>Tuesday | १९ 6<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५ | २६ 13<br>आज हुने नेइमको संयुक्त स्तुति प्रशंसा र प्रार्थनाको समयद्वारा परमेश्वरको महिमा भएको होस् ।<br>भजनसंग्रह ९६:१-१० | ३ 20<br>रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, ऋण, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरू निम्ति प्रार्थना गरिदिऔं ।<br>भ.सं.१२१:१-८, याकूब ५:१३ | १० 27<br>मण्डलीका विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निराशका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर प्रभुको वचनमा रही स्थिर रहन सकून् ।<br>मत्ती २४:४-१४, २३-२५, ४२ | १७ 3<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>Wednesday | २० 7<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने, सिक्ने मात्र नभई वचनअनुसार जिउनेहरू पनि हुन सकौं ।<br>हितोपदेश ४:४, मत्ती १३:८-९ | २७ 14<br>चाड पर्वको समयमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं।<br>हिब्रू २:१४-१८ | ४ 21<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ११ 28<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी-हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>मत्ती ५:१३-१६ | १८ 4<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>मत्ती ६:८-१०, यूहन्ना १६:१३ |
| **बिहीबार**<br>Thursday | २१ 8<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरू देशको वर्तमान परिस्थितिको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून् ।<br>भ.सं. १२१:१-२, यशैया २६:३-४ | २८ 15<br>नेपालमा रहेका सबै विश्वासीहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>भजनसंग्रह १:१-६, कलस्सी २:६-७ | ५ 22<br>वर्तमान संसारका क्षणिक कुराहरुमा होइन तर ख्रीष्ट येशू प्रभुमा पाएका सबै आशिषहरुमा रमाउनेहरु हुन सकौं ।<br>फिलिप्पी ४:४-९ | १२ 29<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४,४९:१५-१६ | १९ 5<br>सबै जवानहरूले आफ्नो सारा भरोसा परमेश्वरमा राखेर जिउन सकून् ।<br>भ.सं.३२:८-९, यर्मिया २९:११-१३ |
| **शुक्रबार**<br>Friday | २२ 9<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुसमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | २९ 16<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् ।<br>२ इतिहास २०:२१-३० | ६ 23<br>आज र भोलि हुने शरद सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी १:१६-१९ | १३ 30<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २० 6<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं आत्माको तयारीमा आउन सकौं ।<br>यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>Saturday | २३ 10<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८; २७:४ | ३० 17<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्‌कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>यशैया ५१:११-१२ | ७ 24<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ | १४ 31<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्।<br>प्रेरित १:८, २:४२-४७ | २१ 7<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १००:१-५ |

**"बितेका कुराहरूलाई भूल, उहिलेका कुराहरूलाई विचार नगर । हेर, म एउटा नयाँ कुरो गर्दैछु । त्यो अब हुन आउँछ । के तिमी देख्दैनौ ? म मरुभूमिमा एउटा बाटो र रूखो जमीनमा खोलाहरू बनाउँदैछु । जङ्गली जनावरहरू, स्यालहरू र लाटोकोसेराहरूले मेरो इज्जत गर्छन्, किनभने म मेरा मानिसहरू, मेरा चुनिएकाहरूलाई पिउनका निम्ति मरुभूमिमा पानी अनि रूखो जमीनमा खोलाहरू दिन्छु । त्यस जातिलाई, जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो निम्ति मैले बनाएँ ।"**

**यशैया ४३:१८-२१**